२) बोलपत्र खरिद गर्न नागरिकताको प्रतिलिपि र निवेदन साथ रु.१,०००।–(अक्षरुपी एक हजार फिर्ता नहुने गरी) यस कार्यलयमा बुझाई बोलपत्र खरिद गर्न सकिनेछ। बिक्री भएका बोलपत्र जसको नाममा जारी भएको हो सो व्यक्ति वा फर्म स्वयमले दर्ता गराउनु पर्नेछ। अन्यले बोलपत्र दर्ता गर्न सक्ने छैन।

३) मिति २०८०।१२।१९ गते १२:०० बजे भित्र बोलपत्र दर्ता गरिनेछ वा सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन माथि उल्लेखित समय भित्र दर्ता गरिनेछ। बोलपत्र दर्ता गर्दा शिलबन्दी खाम बाहिर बोलपत्र नं.लिलाम सम्बन्धी उल्लेख गरि लाहाछाप लगाएतको बिबरण अनिवार्य हुनुपर्नेछ। मिति २०८०।१२।१९ गते १२:०० बजे सम्म रितपूर्वक दर्ता हुन आएको बोलपत्र सोही दिनको १४:०० बजे सरकारी कार्यालयको प्रतिनिधिहरु र बोलपत्र दाताहरु वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) बोलपत्रमा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट भएको हुनु पर्नेछ। यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

५) कुनै शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

६) बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र आफूले कबोल गरेको साधनको मुल्य र सो मूल्यमा प्रचलित नियमानुसार लाग्ने १३ % मु.अ.कर समेत बुझाई सवारी साधन जहा जे अबस्थामा छ त्यहीबाट टुक्रयाई, च्यासिस नम्बर काटी उठाइ लैजानु पर्नेछ।

७) कबोल गरेको सबै भन्दा बढी अंक कबोल गर्नेले बोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको सवारी साधन उठाइ नलगेमा निजको धरौटी जफत गरि निजको भन्दा घटी कबोल गर्ने दोस्रो ,तेस्रो ,चौथो घटिवालाको कबोल अंक स्वीकृत गरीने छ। यदी यसो गर्दा पनि लिलाम हुन नसकेमा धरौटी रकम जफत गरि पुन: लिलामको कार्वाही अगाडी बढाइनेछ।

८) लिलाम बढाबढमा भाग लिन आउदा नेपाली नागरिकताको सक्कलै प्रमाण पत्र र फर्म भए आधिकारिक कागजात साथमा लिई बोलपत्रदाता स्वयम उपस्थित हुनु पर्नेछ।

९) इच्छुक व्यक्तिले लिलाम बिक्री हुने सवारी साधन हेर्न चाहेमा यस कार्यालयमा सम्पर्क गरि हेर्न बुझ्न सकिनेछ।

१०) लिलाम हुने सवारी साधन यस जिल्ला प्रहरी कार्यालय लमजुङको परिसर भित्र जे जस्तो अवस्थामा छ त्यहिबाट लिलाम सकार गर्ने इच्छुक व्यक्ति,फर्म संस्था वा कम्पनीले आफ्नो खर्चमा लैजानु पर्नेछ।

११) बोल कबोल गरेको अंक स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार बोर्डमा सुरक्षित रहने छ ।

१२) यस संग सम्बन्धीत अन्य आबश्यक बिबरण प्रचलित ऐन नियम बमोजिम हुनेछ।

१३) न्यूनतम मूल्य (१३% मु.अ. कर समेत) ने.रु. ६२,९२४।- ( अक्षेरुपी बैसठ्ठी हजार नौ सय चौबिस रुपैया मात्र ) बाट बढाबढ गरीनेछ।

१४) लिलाम सम्बन्धि सम्पुर्ण जानकारी यस जिल्ला प्रहरी कार्यालय लमजुङको प्रबन्ध शाखा बाट प्राप्त गर्न सक्नु हुने छ। थप कुरा बुझ्नु परेमा प्रबनानि सम्मर गरुङगे मो.९८४१६३०३९२ मा सम्पर्क गर्नु हुन सुचित गरिन्छ।

**लिलाम बढाबढ हुने मिति र समय**

मिति २०८०।१२।१९ गते।
समयः- दिनको १४:०० बजे।
जिल्ला प्रहरी कार्यालय लमजुङ।

कार्यालय प्रमुख
( मिन बहादुर घले)
(प्रहरी नायव उपरीक्षक)